"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित


## खण्ड ६ संख्याः १०

गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८०/०८/२४


## भाग २

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# कृषि तथा पशुपंक्षी क्षेत्रमा विपद्बाट क्षति पुगेका कृषकहरुलाई राहत वितरण कार्यविधि - २०८०

**प्रस्तावनाः-**

कृषि तथा पशुपक्षी क्षेत्रमा प्रतिकुल असर पार्ने प्राकृतिक र गैरप्राकृतिक विपतबाट नकरात्मक असर पुगेको कृषि तथा पशुपंक्षी पेशालाई पुर्नःस्थापन गर्न पिडित कृषक परिवारलाई राहत उपलब्ध गराउन स्थानीय सरकार संचालन ऐन स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि आठराई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, सक्रान्तिबजार, तेह्रथुमले यो कार्यविधी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधीको नाम कृषि पशुपंक्षी क्षेत्रमा विपतबाट क्षति पुगेका कृषकहरुलाई राहत वितरण कार्यविधी २०८० रहेको छ ।

(२) यो कार्यविधी आठराई गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृती भए पश्चात लागू हुनेछ ।

२. परिभाषा :-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-

(क) "कृषि " भन्नाले कृषि तथा पशुपंक्षी क्षेत्र समेत सम्झनु पर्दछ ।

(ख) "राहत" भन्नाले आठराई गाउँपालिकाले कृषि तथा पशुपंक्षी एवं मत्स्य क्षेत्रमा परेको विपत प्रभावित परिवारलाई उपलब्ध गराइने नगद तथा जिन्सी सेवा सुविधा सम्झनु पर्दछ ।

(ग) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भइ जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक विपदलाई सम्झनु पर्छ ।

(घ) "प्राकृतिक विपद" भन्नाले हिमपात, असिना, हिमपहिरो, विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुबान, कटान, खडेरी, आँधी, हुरी, बतास, शितलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी विष्फोट, डढेलो लगायत अन्य प्राकृतिक विपतबाट कृषि तथा पशुपंक्षी क्षेत्रमा परेको जुनसुकै विपत सम्झनु पर्दछ ।

(ङ) "गैर प्राकृतिक विपद" भन्नाले महामारी, अनिकाल, डढेलो, किट वा सुक्ष्म जिवाणु आतंक, पशु तथा चराचुरुङ्गीहरुमा हुने फ्लू , बंगुरमा हुने अफ्रिकन स्वाइन फ्लू, सर्पदंश, जनावर आतंक, खानी, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचना

क्षति तथा विपद व्यवस्थापन कार्यमा हुने दुर्घटनाहरु वा यस्तै अन्य गैरप्राकृतिक विपदबाट कृषि तथा पशुपंक्षी क्षेत्रमा परेको विपद सम्झनु पर्दछ ।

(च) "गाउँपालिका" भन्नाले आठराई गाउँपालिका सक्रान्तिबजार, तेह्रथुम सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले आठराई गाउँपालिका कृषि तथा पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

(ज) "विपद व्यवस्थापन" भन्नाले कृषि तथा पशुपंक्षी क्षेत्रमा विपत जोखिम न्यूनिकरण, विपत पूर्व तयारी, विपद प्रतिकार्य र विपद पुर्नःलाभ सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ ।

(झ) "कृषि क्षेत्र" भन्नाले खेतबारी, बगैंचा र फर्ममा रहेका खडाबाली वस्तु विशेष र कृषि पुर्वधारमा उत्पादन देखि बजारीकरणका अवस्थासम्मको क्रियाकलापहरु सम्झनु पर्दछ ।

(ञ) "पशुपंक्षी क्षेत्र" भन्नाले पशुपंक्षी पालन, मत्स्यपालन, मौरीपालन र सम्बन्धित पुर्वधारमा उत्पादन देखि बजारीकरणको अवस्थाका क्रियाकलाप सम्झनु पर्दछ ।

(ट) "कोष" भन्नाले आठराई गाउँपालिकाले गाउँसभाबाट स्वीकृत भई स्थापना भएको कृषि तथा पशुपंक्षी क्षति राहत कोष सम्झनु पर्दछ ।

## परिच्छेद-२

## संस्थागत व्यवस्थाः

३. राहत अनुगमन तथा व्यवस्थापन समिति :-

राहत सिफारिस गर्न देहाय बमोजिमको राहत अनुगमन, व्यवस्थापन तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) लेखा शाखा प्रमुख | सदस्य |
| (घ) पशुसेवा शाखा प्रमुख | सदस्य |
| (ङ) कृषि विकास सेवा शाखा प्रमुख | सदस्य |

## परिच्छेद - ३

## विपतबाट हुने क्षतिको किसिम र राहत प्रदान गर्ने आधार

४. राहत प्रदान गर्ने आधारभूत मान्यता :

(१) आठराई गाउँपालिकामा राहत व्यवस्थापन समितिले विपत पिडितलाई क्षतिका आधारमा सीमा रकम तोकि राहत रकम उपलब्ध गराइनेछ ।

(२) मौसम अनुसार समयमै खेती/पालन व्यवसाय सञ्चालन गर्न हुन नसकेको अवस्थामा कार्यक्रम गर्न बिउ/बेर्ना/नश्ल तथा मल वा दाना खरिद गर्न पीडित कृषकलाई राहत उपलब्ध गराइनेछ ।

५.आपतकालीन तथा आकस्मिक क्षतिको किसिम : आपतकालीन अवस्था भएको देहाय      बमोजिमका क्षतिलाई राहत सहयोग प्रदान गरिनेछ ।

(क)  कृषिबाली वस्तु विशेष क्षेत्रको हकमा विपतबाट पूर्ण रुपमा वा आंशिक रुपमा नोक्सानी भएमा,

(ख) पशुपंक्षी क्षेत्रको हकमा विपतको घटनाबाट पशुपंक्षी तथा माछा पुर्ण रुपमा वा आंशिक रुपमा  मर्न गइ व्यावसायमा क्षति भएमा,

(ग) पशुपंक्षीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा,

(घ) बाली विशेष, पशुपंक्षी तथा मत्स्यपालन व्यवसायमा प्रयोग हुने मेसिनरी उपकरणको क्षति भएमा ।

६.    राहत/अनुदान रकम उपलब्ध गराउने आधार : आपतकालीन अवस्थाबाट भएको क्षतिलाई आधार मानी राहत रकम उपलब्ध गराउन सकिनेछ ।

(क) कृषिबाली वस्तु विशेष क्षेत्रको हकमा उत्पादन देखि बजारीकरणको अवस्थासम्म पूर्णरुपमा वा आंशिकरुपमा  नोक्सानी भएमा उत्पादन लागत अनुमानलाई आधार मान्ने,

(ख) पशुपंक्षी क्षेत्रको हकमा विपतको घटनाबाट पशुपंक्षी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा क्षतिलाई आधार मानी लागत अनुमानको आधारमा मात्र,

(ग) पशुपंक्षीको गोठ, खोर र माछा पोखरी पूर्ण रुपमा वा आंशिक रुपमा क्षति भएमा लाग्ने लागतको आधारमा,

(घ) बाली वस्तु विशेष पशुपंक्षी तथा मत्स्यपालन व्यवसायमा प्रयोग हुने मेसिनरी उपकरणको क्षति भएमा लाग्ने लागतको प्रतिशतको आधारमा,

(ङ) यस कार्यविधीको दफा-७ को उपदफा-१ को खण्ड क, ख,ग,घ को आधारमा लागत अनुमान अधिकतम सीमा रकम भन्दा बढी भएको खण्डमा अधिकतम सीमा रकमभित्रको रकममात्र उपलब्ध गराइनेछ ।

(च) आकस्मिक तथा आपतकालिन अवस्थामा भएको देहाय बमोजिमको क्षतिलाई राहत उपलब्ध गराइने छैन ।

(छ) कृषिको कुनै पनि उपक्षेत्रमा तत्काल आंशिक वा पुर्ण भौतिक क्षति भइ उत्पादनमा प्रतिकुल असर नपर्ने प्रमाणित भएमा राहत रकम उपलब्ध गराइने छैन,

(ज) कृषिको कुनै पनि उपक्षेत्र बाहेक अन्य क्षेत्र जस्तै वन, वनपैदावार, जडीबुटी र जंगली जनावर जस्तै बाँदर आतंक चराचुरुङ्गी पुर्याएको क्षति आदिमा राहत रकम उपलब्ध गराइने छैन ।

(झ) बीमा गरिएको हकमा राहत रकम उपलब्ध गराइने छैन ।

(ञ) एकल व्यत्तिगत फर्मलाई अधिकतम रू. १ लाख भन्दा बढी राहत रकम उपलब्ध गराइने छैन ।

## परिच्छेद-४

## राहत रकम सञ्चालन व्यवस्थापन र खर्च प्रकिया

७. राहत सहयोग रकम उपलब्ध गराउने :

१ . प्राकृतिक प्रकोपबाट कृषि तथा पशुपंक्षी क्षेत्रमा क्षति भएको पाइएमा देहाय बमोजिमको राहत रकम उपलब्ध गराइनेछ, जसमा अनुसूची-२ बमोजिम पीडित कृषकले आठराई गाउँपालिकामा निवेदन सहित पेश गर्नु पर्नेछ ।

देहाय :-

| क्र.सं. | क्षेत्र वा उपक्षेत्र | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सिमा |
|---|---|---|---|---|
| (क) | खाद्यान्नबाली | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ख) | तरकारी बाली | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ग) | फलफुल बाली | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (घ) | च्याउ खेती | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ङ) | मौरीपालन | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (च) | रेशमपालन | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (छ) | मौरीघार | पूर्ण वा आंशिक | क्षति र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ज) | गाई,भैसी, घोडा | पूर्ण वा आंशिक | उमेर र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (झ) | बंगुर, पाठापाठी | पूर्ण वा आंशिक | उमेर र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ञ) | पाडा, पाडी, बाछा, बाछी | पूर्ण वा आंशिक | उमेर र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ट) | भेडा र बाख्रा | पूर्ण वा आंशिक | उमेर र लागत अनुमानको आधारमा | ३० प्रतिशत |
| (ठ) | माछा/माछाका भुरा | पूर्ण वा आंशिक | साइज/तौल र लागत अनुमानको आधारमा | ३० प्रतिशत |

(ड) लोकल कुखुरा/गिरिराज/ब्रोइलर/लेयर्स पूर्ण वा आंशिक तौल र लागत अनुमानको आधारमा ३० प्रतिशत

(ढ) पशुगोठ/बाख्रा खोर/कुखुरा खोर पूर्ण वा आंशिक क्षति र लागत अनुमानको आधारमा ३० प्रतिशत

(ण) माछा पोखरी पूर्ण वा आंशिक क्षति र लागत अनुमानको आधारमा ३० प्रतिशत

(त) अन्य पूर्वाधार तथा उत्पादन सामाग्री पूर्ण वा आंशिक क्षति र लागत अनुमानको आधारमा ३० प्रतिशत

(थ) अन्य कृषि तथा पशुपंक्षी पूर्ण वा आंशिक क्षति र लागत अनुमानको आधारमा ३० प्रतिशत

नोटः

१. राहतको अधिकतम सिमा तोकिए तापनि कोषमा रहेको रकम र गाउँ पालिकाभरिको क्षतिको अनुपातको आधारमा राहत रकम कम हुन सक्नेछ ।

२. जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरिनेछ ।

३. स्थलगत अनुगमनको आधारमा क्षति भएको क्षेत्रफल र संख्यालाई आधार मानिनेछ ।

४. राहत रकम कृषक, कृषक समूह, कृषि सहकारी, व्यत्तिगत फर्म वा निजको परिवारलाई मात्र उपलब्ध गराइनेछ ।

५. विपद्बाट क्षति भएमा नजिकैको वडा कार्यालय, गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

६. राहत व्यवस्थापन तथा सिफारिस समितिको प्रतिवेदन सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ ।

८. भुक्तानी विधि :- यस कार्यविधि बमोजिम उपलब्ध गराउने राहत सहयोग रकम देहाय अनुसार भुक्तानी गरिनेछ ।

(क) अनुसूची -३ बमोजिम भुक्तानीको लागि सम्लग्न कागजातहरु सहित गाउँपालिकामा पेश भएपछि सम्बन्धित निवेदकलाई बैंक खाता वा चेक मार्फत रकम भुक्तानी हुनेछ ।

(ख) दोहोरो पर्ने गरि राहत रकम उपलब्ध गराइने छैन ।

(ग) खण्ड क बमोजिम रकम भुक्तानीको क्रममा वा भुक्तानी भइसकेपछि विवरणहरु झुठा ठहर भए रकम रोक्का गरिने वा सोही रकम बराबरको बिगो रकम असुल उपर गरिनेछ ।

९. कोष स्थापना गर्न सक्ने आठराई गाउँपालिकाले गाउँसभाबाट पारित भइ कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकहरुलाई राहत वितरण सम्बन्धि कार्यविधि २०८० सञ्चालन गर्न कृषि तथा पशुपंक्षी क्षति राहत कोषको स्थापना गर्ने छ, जसमा गाउँसभाले वार्षिक रुपमा रकम विनियोजन गर्न सक्नेछ ।

कोष स्थापना नहुँदा सम्म अध्यक्षसँग कृषि कार्यक्रमका लागि विनियोजित रकमलाई कार्यपालिकाको निर्णय बमोजिम उक्त कोषमा जम्मा गर्न सकिने छ ।

## परिच्छेदः ५

## विविध

१०. अनुगमन गर्नु पर्ने :- कार्यक्रमको अनुगमन तथा निरिक्षण सम्बन्धि व्यवस्थाहरु देहाय बमोजिम हुनेछ ।

(क) राहत व्यवस्थापन तथा सिफारिस समिति, राहत व्यवस्थापन तथा निर्देशन समिति, आठराई गाउँपालिकाको अनुगम समिति, सम्बन्धित शाखा वा कुनैपनि खटाइएको कर्मचारीले अनुगमन गर्न सक्नेछ ।

(ख) अनुगमन गर्दा प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ग) कार्यक्रमको अनुगमनमा खटाइएको कर्मचारीलाई कार्यालयले नियमानुसार दैनिक भ्रमणभत्ता उपलब्ध गराउनेछ ।

११. थपघट, हेरफेर वा संशोधन गर्न सक्नेः- (क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आठराई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्ने छ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि आठराई गाउँपापलिका गाउँ कार्यपालिकाले आश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**अनुसूची १**

**(दफ ७ को उपदफा (१) सँग सम्बन्धित)**

**अनुमानित लागत विवरणको ढाँचा**

पीडित कृषकहरुको नाम ठेगाना :

क्षेत्रः- लगाएको क्षेत्रफल वा संख्या :

क्षतिको कारणः क्षतिको अवस्था :

क्षति अवधिसम्म लागत रकम :

| क्र.सं. | विवरण | इकाई | परिणाम | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | उत्पादन सामाग्री खर्च रकम | | | | | |
| ख. | मेसिनरी औजार खरिद गरेको रकम | | | | | |
| ग. | पूर्वाधार निर्माण खर्च रकम | | | | | |
| कूल जम्मा | | | | | | |

| ................................ | ................................ | ................................ |
|---|---|---|
| तयार गर्ने | सिफारिस गर्नेको सहि | प्रमाणित गर्नेको सहि |



आठराई राजपत्र

**अनुसूची - २**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**निवेदनको ढाँचा**

मितिः-..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
आठराई गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय
संक्रान्तिबजार,तेह्रथुम ।

विषयः-राहत रकम सम्बन्धमा ।

प्रस्तुत विषयमा ..........................विपदले मेरो/बारी/बगैचा/फर्मको ..................क्षेत्रफलमा रहेको............. बाली/पशुपन्छी/मत्स्य/पुर्वधारमा आंशिक/पुर्णरुपमा नष्ट भई रु. ..........बराबरको अनुमानित रकम क्षति भएकोले राहत रकम उपलब्ध गराउन तपशिल अनुसारका कागजातहरु यसै निवेदनका साथ संलग्न राखि पेश गरिएको व्यहोरा अनुरोध छ।

संलग्न कागजातहरुः-

१. नेपाली नागरिकता र जग्गा धनिपूर्जाको प्रमाण-पत्र प्रतिलिपि,

२. कृषि तथा पशु स्वास्थ्य प्राविधिकले क्षतिको मूल्यांकन गरिएको प्रतिवेदन,

३. पिडित कृषकको बैंक खाता नं.,

४. वडाकार्यालयको सिफारिस पत्र,

५. क्षतिको विवरणको यकिन गर्न कम्तिमा २ मिनेटको भिडियो र ५ वटा फोटाहरु,

६. अन्य प्रमाणित कागजातहरु ।

निवेदक
नामः
ठेगानाः
हस्ताक्षर
सम्पर्क नं.

**अनुसूची – ३**

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**राहत रकम प्राप्त गर्नको लागि आवश्यक कागजातहरु**

१. अनुसूची २ बमोजिम आवेदन फाराम,

२. नेपाली नागरिकता र जग्गा धनिपूर्जाको प्रमाण-पत्र प्रतिलिपि,

३. कृषि तथा पशु स्वास्थ्य प्राविधिकले क्षतिको मूल्यांकन गरिएको प्रतिवेदन,

४. पिडित कृषकको बैंक खाता नं.,

५. वडाकार्यालयको सिफारिस पत्र,

६. क्षतिको विवरणको यकिन गर्न कम्तिमा २ मिनेटको भिडियो र ५ वटा फोटाहरु,

७. राहत व्यवस्थापन समितिको प्रतिवेदन,

८. बिमा गरे वा नगरेको प्रमाण

९. अन्य प्रमाणित कागजातहरु ।

**आज्ञाले,**
**श्री निराज शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**
**आठराई गाउँपालिका**
**तेह्रथुम**

आठराई राजपत्र